"जलश्रोत, पर्यटन र जडिबुटीले सम्पुनत विगु गाउँपालिका"

विगु गाउँपालिका
Bigu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- ०८१।८२
चलानि नं./Dispatch No-
मिति/Date :२०८१/१०/०८

## आमा बाबु विहिन बालबालिकाको निवेदन संकलन सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति : २०८१/१०/०७

प्रस्तुत विषयमा विगु गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम तथा बागमती प्रदेश सशर्त अनुदान कार्यक्रम अन्तर्गत **"आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम"** सञ्चालनका लागि निवेदन संकलन गर्नु पर्ने भएकाले तपशिल बमोजिमको योग्यता भएको बालबालिका वा निजको संरक्षकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखि आ-आफ्नो वडा कार्यालयमा निवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

**बालबालिकाको योग्यता :**

- १८ वर्ष पूरा नगरेका ।
- ५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको ।
- कुनै गैर कानुनी तथा अपराधिक कार्यमा संलग्न नभएको ।

**आवेदनको साथमा संलग्न आवश्यक कागजातहरु :**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि) ।
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट पूर्ण रुपमा वञ्चितमा परेको भनि वडा कार्यालयबाट प्रमाणित कागजात ।
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा मात्र) ।
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित बालबालिकाको संरक्षक हो भनि वडाले दिएको सिफारिस पत्र ।

**(नोट :अघिल्लो आ.व. मा भत्ता प्राप्त बालबालिकाहरुले पनि पुनः कागजात सहित निवेदन दिनुहुन अनुरोध छ ।)**

...............................
रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत